School Code No: 240650026 www.bhaleshwormavi.edu.np bhaleshwor2014@gmail.com 011-441426 011-590601

"एक्काइसौं शताब्दीको आवश्यकता, गुणस्तरीय र व्यवहारिक शिक्षा, भालेश्वर मा.वि. को प्रतिबद्धता"

# श्री भालेश्वर माध्यमिक विद्यालय

# SHREE BHALESHWOR SECONDARY SCHOOL

पनौती-०८, काभ्रेपलाञ्चोक (Panauti-08, Kavrepalanchok)

स्थापित:२०१४ / Estd: 2014 B.S.

पत्र संख्या/Letter No.: २०८३

चलानी नं./Ref. No.:

मिति/Date: २०८३/०५/०९

प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०९

## सूचना

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना।**

काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका वडा नं. ८ मा रहेको यस श्री भालेश्वर माध्यमिक विद्यालयमा निम्न माध्यमिक तहको सामाजिक विषयको मिति २०८३ असोज १ गतेबाट रिक्त हुने दरबन्दीमा सरुवाको प्रक्रिया अघि बढाउन पनौती नगरपालिकाको च.नं ५४४ मिति २०८३।०५।०९ को पत्रमार्फत अनुमति प्राप्त भएको हुँदा सम्बन्धित तहका तृतीय श्रेणीका (यसै जिल्लाभित्रका स्थानीय तहमा कार्यरतको हकमा अन्य श्रेणीका शिक्षक समेत) शिक्षा नियमावली २०५९ को दशौं संशोधन अनुसार योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८३।०५।२३) भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित शिक्षा नियमावली २०५९ (दशौं संशोधन) मा उल्लेखित अन्य आवश्यक कागजात सहित विद्यालयमा निवेदन पेश गर्नुहुन शिक्षा नियमावली २०५९ (दशौं संशोधन सहितको) नियम ९९ को उपनियम ६ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>पुनश्चः</u>

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना bhaleshwor2014@gmail.com मार्फत पनि निवेदन दिन सकिनेछ।
२. म्याद नाघि वा रित नपुगीं प्राप्त हुन आएका निवेदन उपर कुनै कार्यबाही हुने छैन।
३. अन्य जानकारीका लागि प्र.अ. (रामचन्द्र थापा फोन नं.९८४३५३२२००) मा सम्पर्क गर्न सकिनेछ।

<u>आवश्यक कागजात</u>

- नियुक्ति पत्र (स्थायी/अस्थायी) को प्रतिलिपि
- विद्यालयमा हाजिर भएको पत्रको प्रतिलिपि
- शैक्षिक योग्यता एवं तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि
- असाधारण र बेतलबी बिदा लिए नलिएको सम्बन्धी कागजात
- नियम ९९ मा व्यवस्था भए अनुरूपको अन्य आवश्यक कागजात

रामचन्द्र थापा
प्रधानाध्यापक

<u>वोधार्थ (सूचना प्रकाशन प्रयोजन) :</u>

श्री पनौती नगरपालिका, पनौती, काभ्रेपलाञ्चोक।
श्री शिक्षा विकास तथा समन्वय इकाई, धुलिखेल, काभ्रेपलाञ्चोक।